# नागरिक प्रथमको अबधारणा

लोकतन्त्रको सारतत्व ‘नागरिकतन्त्र’ हो, ‘राजतन्त्र’, ‘राज्यवाद’, ‘दलतन्त्र’ वा ‘नेतातन्त्र’ हैन । राज्य नागरिकका लागि हो, नागरिक राज्यका लागि हैन । राज्य नागरिकमा अन्तर्निहित हुन्छ, नागरिक राज्यमा अन्तर्निहित हुँदैन । नागरिकले सामाजिक सम्झौतामार्फत राज्य बनाएका हो, राज्यले नागरिक जन्माएको हैन । नागरिक मानवको जन्मसिद्ध हैसियत हो र यो मृत्युपर्यन्त रहन्छ । राज्यले यो हैसियत दिएको हैन ।

नागरिकको शान्ति, सुरक्षा, विकास, प्रगति र समुन्नतिको सहजीकरण गर्न राज्य चाहिन्छ । नागरिकलाई दमन गर्न, लुट्न, चुस्न, प्रगति र गतिशीलताको बाधक बन्न, कर थोपर्न र कंगाल पार्न हैन । नागरिक हित साध्य हो, राज्य साधन हो । जब राज्य नागरिकको हित, उन्नति र समुन्नतिको बाधक बन्छ, त्यस्तो राज्यको कुनै अर्थ र औचित्य हुँदैन ।

त्यस्तो राज्यले आफ्नो सान्दर्भिकता गुमाउँछ । अर्थ, औचित्य र सान्दर्भिकता गुमाएको राज्य भत्काउन, पुनर्संरचना वा पुनर्गठन गर्न आवश्यक पर्दछ ।

ठीक त्यसै गरी ‘दल’ र ‘नेता’ नागरिक आवश्यकता, आकांक्षा र अपेक्षाका प्रतिनिधि तथा सापेक्षिक संवाहक मात्र हुुन, ‘नियन्त्रक’, ‘निर्देशक’ तथा ‘स्थायी शासक’ हैनन् । नागरिक सार्वभौमसत्ता अहस्तान्तरणीय हुन्छ । पाँच बर्षमा एकपटक भोट पाएकै कारण दल र नेतालाई नागरिक सार्वभौमसत्ता र जनादेश विपरित कार्य गर्ने अधिकार प्राप्त हुँदैन ।

राज्य, दल र नेतृत्ववृत्त नागरिकलाई स्वतन्त्रता, समानता, समभाव, सुख, संमृद्धि र उन्नति प्रदान गर्ने संयन्त्र वा साधन बन्नु पर्दछ, शासन गर्ने, प्रशासन चलाउने, दुख्ख दिने, यातना, आर्थिक भार, अबान्छित कर र कानुनी झमेला थोपर्ने ‘दैत्य’ हैन । दल र नेता लोकतान्त्रिक राज्य सञ्चालन प्रक्रियाका औजार मात्र हुन, ती सार्वभौम नागरिकभन्दा माथि हैनन् ।

स्वाभिमान ( Diginity ) र संमृद्धि ( Prosperity ) नागरिकको नैसर्गिक, विश्वव्यापी र सर्वकालिक आकांक्षा हो । स्वाभिमानले ‘स्वतन्त्रता, पहिचान र मान्यता’ ( Liberty, Identity And Recognition ) को चाहनालाई व्यक्त गर्दछ ।  संमृद्धिले ‘समानता, बन्धुत्व र गुणस्तरीय जीवनस्तर’ ( Equalitiy, Fraternity And Quality of life) लाई बुझाउँदछ । स्वाभिमान र

संमृद्धिमध्ये कुनै एकलाई छान्न वा प्राप्त गर्न सकिँदैन । स्वाभिमान बिना संमृद्धि र संमृद्धि बिना स्वाभिमान संभव हुँदैन ।

यी आकांक्षा परिपूर्तिका दुई आधारतत्व हुन- स्व-शासन ( Self-governance) र सुशासन ( Good-governance) । जसरी स्वाभिमान विना संमृद्धि र संमृद्धि विना स्वाभिमान संभव हुँदैन, त्यसरी नै स्व-शासन विना सुशासन र सुशासन विना स्व-शासन हुन सक्दैन।

स्वशासनले 'विभेद' को अन्त्य गर्दछ, सुशासनले 'बेथिति' को । विभेद र बेथिति दुबै अन्त्य भएको न्यायपूर्ण, विधिसम्मत, समतामुलक, व्यवस्थित र सभ्य-सुसंस्कृत समाजबाट मात्र नागरिक चाहना परिपूर्ति हुन सक्दछ । संक्षिप्तमा नागरिकतन्त्रको सारतत्व यही हो । 'सबैको स्वाभिमान र सबैको संमृद्धि' ( Diginity for All, Prosperity for All) त्यतिखेर मात्र सुनिश्चित हुन सक्दछ जब राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र भूराजनीतिक प्रक्रियामा नागरिक प्रथम ( People First) हुन्छन ।

आधुनिक राष्ट्रिय-राज्य र लोकतान्त्रिक राजनीतिक प्रणालीको अन्तर्यमा नागरिक र संस्थाबीचको शर्तनाम तथा आबधिक सामाजिक सम्झौता निहित हुन्छ । नागरिक राज्यशक्तिको स्रोत हो, राज्यले शासन गर्ने 'वस्तु' हैन । मान्छे र संस्थामध्ये मान्छे प्रथम हो, संस्था 'दोस्रो । नागरिक र राज्यमध्ये नागरिक प्रथम हो, राज्य दोस्रो । दल-नेता र जनतामध्ये जनता प्रथम हो दल-नेता दोस्रो ।

नागरिकत्व ( Citizenry ) आधारित राष्ट्र, नागरिक सर्वोच्चता आधारित राज्य, नागरिककेन्द्रियता भएको समाज व्यवस्था र नागरिक हित परिलक्षित भएको अर्थतन्त्र भए मात्र लोकतन्त्र सफल हुन्छ । पारदर्शी, विधिसम्मत, सुसंस्कृत, प्रभावकारी र परिणामदायी लोकतन्त्र नै 'नागरिकतन्त्र' हो।

निर्वाचित जनप्रतिनिधि, शासक वा प्रशासक समूह राज्य नामको नागरिक निर्मित संस्था सञ्चालनका लागि अस्थायी रुपमा नियुक्त गरिएका कामदार हुन । ती कहिल्यै र कुनै पनि शर्तमा नागरिकभन्दा माथि हैनन् र हुन सक्दैनन् । तिनको औपाचारिक, अनौपचारिक हैसियत, मर्यादाक्रम र शक्ति-अभ्यास सर्वथा नागरिक अधिनस्थ हो र हुनु पर्दछ ।

नागरिकभन्दा  माथि कसैले कुनै औपचारिक, अनौपचारिक अग्राधिकार वा विशेषाधिकारको माग वा अभ्यास गर्न खोज्दछ भने त्यो स्वीकार्य हुन सक्दैन ।

निर्वाचनमा दिइने भोटमार्फत् नागरिक सार्वभौमसत्ता कुनै दल, नेता, गुट, परिवार वा वृत्तमा हस्तान्तरण भएको हुँदैन, त्यसले आबधिक जनादेशको सृजना मात्र गरेको हुन्छ । राज्य सञ्चालकलाई जनादेश र जनहितविपरित कार्य गर्ने कुनै अधिकार निर्वाचनले दिएको हुँदैन।

नागरिक न 'रैती' हुन न 'प्रजा', न 'मतदाता' मात्र न 'सर्वहारा वर्ग', न 'झोले' न 'अरिङ्गाल' । नागरिकाका लागि प्रयोग गरिने यस्ता संज्ञा र शब्द अस्वीकार्य मात्र हैन, सर्वथा निन्दनीय छन । यस्तो शक्ति अभ्यास, सोच र मनोविज्ञान त्याज्य छ ।  यीनले कुनै न कुनै रुपमा नागरिक सर्वोच्चतालाई अपमान गर्दछन । यहाँसम्मकी नागरिक अधिकार र कर्तव्यबाट विमुख वा बञ्चित 'जनता' हुनको पनि कुनै अर्थ छैन ।

'नागरिक' भनेको 'नागरिकता प्रमाणपत्र' हैन । नागरिकता पाएर नागरिक हुने हैन । नागरिक भएको कारणले नागरिकता प्रमाणपत्र पाउने हो । नागरिकता कानुनी प्रमाण मात्र हो । राज्य सञ्चालन प्रक्रियाको कागजी औपचारिकता मात्र हो ।  नागरिक अधिकार नागरिकता प्रमाणपत्रभन्दा धेरै ठूलो, महत्वपूर्ण र मौलिक हो ।

नागरिक प्राकृतिक र प्राथमिक अस्तित्व हो । नागरिक आफैमा एक संस्था र हैसियत हो । नागरिक राज्यलगायत सबै संस्थाको शक्तिको स्रोत र जन्मदाता हो । राजनीतिक दलले नागरिकलाई हैन, नागरिकले राजनीतिक दललाई मार्गदर्शन गर्नु पर्दछ । लोकतन्त्रको सबैभन्दा ठूलो र उपल्लो संस्था नागरिक हो ।  नागरिक आफैमा प्रथम र सर्वोच्च संस्था हो ।

नागरिक दलका लागि हैनन्, दल नागरिकका लागि हुन । यदि दलले नागरिक स्वाभिमान र संमृद्धिको नेतृत्व गरिरहेका छैनन् भने त्यस्ता दललाई सहर्ष परित्याग र विघठन गरिनु पर्दछ । नयाँ, योग्य र सक्षम दल बनाइनु पर्दछ ।  नागरिकत्व दलीय निष्ठाभन्दा माथि हुन्छ । निरपेक्ष दलीय निष्ठा नागरिकत्वको संकुचन र दलतन्त्रको आधार हो ।

'दलतन्त्र'ले अन्ततः 'नागरिकतन्त्र' हैन, 'नेतातन्त्र' निर्माण गर्दछ । नेतातन्त्रले गुटतन्त्र र अल्पतन्त्रको सृजना गर्दछ । यो लोकतन्त्र विचलित र क्षयीकृत भएको  अवस्था हो । राजनीतिक अल्पतन्त्र जब आर्थिक अल्पतन्त्रमा परिणत हुन्छ, त्यसले दलाल, विचौलिया,

आसेपासे पुँजीवादको दुश्चक्र रचना गर्दछ । राजनीतिक, आर्थिक, प्रशासनिक र कुटनीतिक अल्पतन्त्रले बनाउने सिन्डिकेटतन्त्रले 'शक्ति सम्भ्रान्तको घेरा' निर्माण गर्दछ । आम नागरिकलाई यो घेराबाट बाहिर धकेल्दछ ।

आधुनिक लोकतन्त्रको सबैभन्दा ठूलो अन्तर्विरोध आम नागरिक र 'शक्ति सम्भ्रान्तको घेरा' बीचको संघर्ष हो । 'शक्ति सम्भ्रान्तको घेरा' लाई बलियो र प्रभावी हुन दिइयो भने नागरिक हित कहिल्यै संभव हुँदैन ।

दल र जनप्रनिधिले जनादेशको पालना गर्नु पर्दछ । तिनले त्यति र त्यस्ता मात्र काम गर्ने अधिकार राख्दछन, जति निर्वाचनको जनादेशबाट प्राप्त हुन्छ । जनादेश विपरितका गठबन्धन, कर्म र निर्णय नागरिकसंगको सम्झौता-भंग हो । जनादेशको उल्लंघन र राजनीतिक अपराध हो । जनादेश विपरितका सत्ता गठबन्धन अपवित्र हुन । ती अनैतिकता, अवसरवाद र अस्थीरताका कारकतत्व हुन ।

नागरिक कर्तव्य हुन्छ-मताधिकारको प्रयोगपछि पनि जनादेशको सम्मान भए नभएको निरन्तर निगरानी गर्नु । दल र नेताहरुले निर्वाचनमा अभिव्यक्त जनादेश उल्लंघन गरे न गरेको खबरदारी गर्नु । जनादेश विपरित जाने राज्य, दल, शासकवृत्त विरुद्धको विद्रोह नागरिक कर्तव्य र अधिकार दुबै हो ।

राज्य एकपटक बनाएर सधैलाई पुग्ने, सधै शुद्ध वा पवित्र रहेन संस्था हैन, यसलाई नागरिक निगरानी, जागरण, निर्वाचन, आन्दोलन र क्रान्तिद्धारा बारम्बार नविकरण, शुद्धिकरण गरिरहनु पर्दछ । अन्यथा यो नागरिको शोषण, दोहन गर्ने एक भ्रष्ट संयन्त्र बन्न सक्दछ । बन्न पुग्दछ । यस्तो भएका थुप्रै उदाहरण र इतिहास छन ।

कुनै एकपटकका क्रान्तिकारी सधैका क्रान्तिकारी हुन्छन भन्ने छैनन् । कुनै एकपटकका जनमुखी सधैका जनमुखी हुन्छन भन्ने छैन । कुनै एकपटकका लोकतान्त्रिक सधैका लोकतान्त्रिक हुन्छन भन्ने छैन । क्रान्तिकारी प्रतिक्रान्तिकारी वा यथास्थितिवादी, जनमुखी जनविरोधी र लोकतान्त्रिक निरंकुश, अधिनायकवादी वा भ्रष्टमा रुपान्तरण भए तिनलाई दंड दिनु नागरिक कर्तव्य हो ।

इतिहास न वर्ग-संघर्ष मात्र हो न धर्म-संघर्ष, न नश्ल-संघर्ष मात्र हो, जाति-संघर्ष, न लिङ्ग संघर्ष मात्र हो न वर्ण संघर्ष, न शक्ति मात्र संघर्ष हो न सभ्यता संघर्ष । यथार्थमा इतिहास 'सोच-संघर्ष' हो ।

नागरिक जीवनलाई कसरी अझ बढी सर्वोत्तम र गुणस्तरीय बनाउने भन्ने सवालमा सोच, अवधारणा र योजनाबीच रचनात्मक प्रतिस्पर्धा हुनु पर्दछ । प्रतिस्पर्धा भनेको संघर्ष मात्र हैन, सामञ्जस्यता पनि हो । लोकतन्त्रमा सधैं संघर्ष, लडाई, झगडा, किचलो र तनाव मात्र हुन्छ वा हुनु पर्दछ भन्ने सोचबाट मुक्त हुन जरुरी छ ।

कुनै एउटा दलले अर्कोलाई गाली मात्र गर्नु, सत्तामा हुँदा एउटा र विपक्षमा हुँदै अर्कै काम गर्नु, आन्दोलन र क्रान्तिको अबधिमा जनमुखी देखिनु, सत्तामा पुगेपछि जनान्दोलनको मर्म र भावना विपरित, स्बार्थ प्रेरित भएर चल्न थाल्नु बहुदलीय लोकतन्त्रको गुण हैन, गुणस्तरहीन दल र नेताहरुले निर्माण गरेको कमजोर, कमसल र भ्रष्ट संस्कृति हो ।

लोकतन्त्रमा आलोचना आलोचनाका लागि हैन, सृजनशील विकल्पसहितको हुनु पर्दछ । लोकतन्त्र विचार, सिद्धान्त, निष्ठा र नैतिक श्रेष्ठताको स्वच्छ प्रतिस्पर्धा र असल सोच, संस्कृति र जीवन व्यवहारबीचको सहकार्य बन्नु पर्दछ ।

संक्षिप्तमा 'नागरिक प्रथम' को अवधारणा यही हो ।

‘नागरिक प्रथम’ अभियानको घोषणापत्र- २०८०

प्रिय नागरिक !

देश आज गम्भीर राजनीतिक, आर्थिक, सामाजिक तथा भूराजनीतिक संकटमा छ । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र नयाँ संविधान- २०७२ को घोषणापश्चात पनि देशले अपेक्षित दिशा र गति लिन सकेन।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि दशकौँ लामो कठोर जनसंघर्ष र बलिदान भए । तर, पुराना राजनीतिक दल र नेतृत्ववृत्तले त्यसको भावना, मर्म र महत्वलाई आत्मसात गर्न नसक्दा नागरिक आकांक्षा, सपना र अपेक्षामाथि तुषारापात भयो । समग्र राजनीतिक परिवश नै अनैतिकता, अधपतन, चरम अक्षमता, सामुहिक असफलता र तीव्र विघटनतिर गयो । राजनीतिक प्रतिबद्धता र वाचा धोका, झुट, बेइमानी र पाखण्डमा परिणत भए । राजनीतिक दल, नेतृत्व र राज्यको विश्वसनीयता समाप्त भयो ।

विद्यमान तरिकाले न त राष्ट्रको आर्थिक, सामाजिक तथा मानवीय विकास संभव छ, न न्याय, सुशासन र समृद्धि हासिल हुनेछ । उत्पादनशील अर्थव्यवस्था, उन्नत भौतिक पूर्वाधार, तीव्र आर्थिक वृद्धि, समन्यायिक वितरण, समतामुलक संमृद्धि, सामाजिक न्याय र सार्थक समावेशितासहितको आधुनिक लोकतान्त्रिक राष्ट्रिय-राज्यनिर्माण गर्ने हाम्रो आकांक्षा सफल हुने छैन । देशको सार्वभौमसत्ता, स्वाधीनता र आत्मसम्मानको रक्षा कठिन हुँदै जानेछ।

आज नागरिक केन्द्रियता र हितअनुरुप राष्ट्रनिर्माण र राज्यसंचालनको कार्यभार पूरा गर्न जुन उच्च सोच, विचार, क्षमता, कल्पनाशीलता, उदारता, व्यवस्थापकीय सीप र संकल्प चाहिन्छ, त्यो पुराना राजनीतिक दल र नेतृत्वमा देखिन्न । पुरानो सोच, संचरना, ढाँचा, ढर्रा र कार्यशैलीबाट नयाँ युगको समुचित नेतृत्व असंभव बन्न पुगेको छ ।

देशलाई आज एक गम्भीर तथा परिणाममुखी संवैधानिक परिमार्जन, कानुनी तथा संरचनात्मक सुधार एवं राजनीतिक, आर्थिक रुपान्तरण अपरिहार्य भइसकेको छ । तर, त्यसको पहलकदमी लिने राजनीतिक शक्ति कहिँ कतै देखिदैन । संसदभित्रका सबैजसो दल उस्तै सोच, शैली, व्यवहार र चरित्रका छन । एउटै डालो- सिन्डिकेट वा गठबन्धनमा छन् । र, उस्तै कार्यशैलीबाट निर्देशित

छन् । नयाँ र वैकल्पिक भनिएका दलहरुको हविगत पनि उस्तै छ । उनीहरू पुरानैसँगको हिमचिम र भागबण्डामा सामेल हुन पाउँदा मख्ख छन् । देश र जनताका सामु कुनै नयाँ, रचनात्मक र सिर्जनशील विकल्प प्रस्तुत गरिरहेका छैनन् ।

तसर्थ, एक अभूतपूर्व रिक्तता वा शक्तिशून्यताको स्थिति विद्यमान छ ।

निसन्देह, नागरिक विगततिर फर्किन चाँहदैनन् । निरंकुशता र वंशवादको अध्याँरो युगतिर फर्किने इच्छा कसैलाई छैन । पुराना दल र नेतृत्वपंक्तिको सामुहिक असफलताबाट उत्पन्न जनअसन्तुष्टिको धमिलो पानीमा माछा मार्ने पश्चगामी प्रयत्न निरर्थक छ । तर, विद्यमान गतिरोध र यथास्थितिवादले सबैलाई चरम असन्तुष्टि र आमनिरासातिर लगिरहेको यथार्थलाई सबैले स्वीकार गर्नु पर्दछ ।

भविष्यको सही मार्गदर्शन गर्ने आन्दोलन र शक्तिको सर्वथा अभाव छ । तसर्थ, नागरिक आफै उठ्न र जाग्नको लागि उद्धेलित, आन्दोलित र एकताबद्ध हुन जरुरी भएको छ । अन्य कुनै उपाय पनि छैन । नागरिक पहलकदमी तथा सक्रियताबाट मात्र यस्तो रिक्ततालाई परिपूर्ति गर्न सकिन्छ । नागरिक आफैले जनप्रतिपक्षको भूमिका र भविष्यको मार्गदर्शन गर्न अपरिहार्य भइसकेको छ ।

यो सार्वभौमसत्तासम्पन्न नागरिकको सर्वकालिक कर्तव्य हो । जब राज्य र राजनीतिक संस्थाले नागरिकसँगको सामाजिक सम्झौता भंग वा उल्लंघन गर्दछन् र नागरिक हितभन्दा बाहिर गएर आफ्नो स्वार्थ, अहंकार, सत्तालिप्सा, छुद्रता प्रदर्शन र त्यसैमा लिप्त हुन थाल्दछन्- सार्वभौम नागरिक आफै अगाडि सरेर त्यसकोप्रतिवाद गर्नै पर्दछ । राज्य र नागरिकबीचको शक्ति सम्बन्धलाई नयाँ उच्चाइँ र आयामबाट ‘नियन्त्रण तथा सन्तुलन’ गर्नु पर्दछ । अझ उन्नत सामाजिक सम्झौता निर्माण गर्नु पर्दछ ।

यो एक्काईसौं शताब्दि हो । आज विश्व कहाँ छ र हामी कहाँ छौं ? विश्व मानवताले गरेको उन्नति, प्रगतिसंग तुलना गर्दा हामी धेरै पछाडि छौं । हामी किन यति धेरै पछाडि पर्‍यौं ? यो एक अहं प्रश्न हो ।

एक्काईसौं शताब्दिसम्मको ज्ञान, विज्ञान, प्रणाली, प्रविधि, अनुभव र उपलब्धि हाम्रो पुँजी हो । एक्काइशौं शताब्दिमा विगतका, अठारौं, उन्नाईशौं र बीसौं शताब्दिका वैचारिक पूर्वाग्रह, दार्शनिक

भ्रम र शास्त्रीय राजनीतिक विचारधारा बोकेर अघि बढ्न सकिँदैन । तसर्थ, कुनै खास विचारधारा, वाद वा मातृपार्टी भावनाको भ्रममा बाँधिएर राष्ट्रको बर्बादीलाई अझ धेरै अनुमति दिन र सहन गर्न सकिँदैन।

देश आज निम्न पाँच समस्यामा फसेको छ । 'पाँच समस्या'को हल 'पाँच समाधान' ले गर्न सकिन्छ । त्यसका लागि 'एक नागरिक अभियान' अपरिहार्य छ । 'पाँच समस्या, पाँच समाधान ! एक अभियान, पाँच काम !!' आजको सही राष्ट्रिय कार्यभार र मार्गदर्शन हो ।

१. पाँच समस्या

१.१. राजनीति, राजनीतिक दल र नेतृत्वको समस्या

राजनीति राजनीतिका लागि हैन, नागरिकको सर्वोत्तम हित र कल्याणका लागि हुन्छ । तर, आज हाम्रो राजनीति राजनीतिका लागि, राजनीतिक खेल्नेहरुको खेल, तमासा र रमिताका लागि, सत्तालिप्सा, अवसरवाद, पदलोलुपताका लागि मात्रै भयो, नागरिकको सर्वोत्तम हित र कल्याणका लागि भएन।

राजनीति वृत्त, दल र नेतृत्व पंक्तिमा न्यूनतम निष्ठा, नैतिकता, ईमान-जमान समेत समाप्त भएर गयो । भ्रष्ट, व्यक्तिवाद, अवसरवाद र पदलोलुपता सबैको साझा चरित्र बन्यो । गुटगत स्वार्थ र टुटफुटले सबै आक्रान्त भए । अवैचारिक र अप्राकृतिक गठबन्धन स्वभाविक मान्न थालियो । निर्वाचनमा सीट र सत्तामा भागबन्डा पाईन्छ भने जोकसैसंग जुनकुनै लहसिन, मिल्न वा टाँसिन सक्ने भए । कुनै मापदण्ड, वैचारिक र राजनीतिक मुद्धाको भिन्नता बाँकी रहेन ।

दलाल पँुजीवादको सेवा गर्नु, आसेपासे अर्थतन्त्रको अभ्यास गर्नु, कुशासन र भ्रष्टाचारलाई बढावा दिनु, सत्ताको सिंहासनमा बसेर शक्ति, सम्पत्ति र गुटगत स्वार्गको रक्षा गर्नु सबैको एक मात्र अभिष्ट बन्यो । लोकतन्त्रले माग गर्ने नैतिक मूल्यप्रणाली, सभ्य तथा मर्यादित राजनीतिक संस्कृतिलाई ध्वंस्त पारियो । दलका घोषणपत्र र नेताहरूका प्रतिबद्धताको पनि कुनै विश्वासनीयता बाँकी रहेन । मात्र कागजका खोस्टा साबित भए । सत्ताको छिनाझपटीका लागि हुने समीकरण फेरबदल र आलोपालोले राजनीतिक अस्थिरता पराकाष्ठामा पुग्यो।

दलहरुमा अन्तरपार्टी लोकतन्त्र, संस्थागत विधि, पद्धति, प्रणाली र पारदर्शीता समाप्त प्रायः भयो । शास्त्रीय चरित्रका पुराना राजनीतिक दलहरूभित्र सिर्जनशील विमर्श र रचनात्मक प्रस्तावनाको

संभावना सकियो । नुतन ज्ञानको उत्पादन तथा समस्या समाधानको उपाय खोजी गर्ने प्रक्रिया अवरुद्ध पारियो । राजनीति भन्नु नै कथित शीर्ष नेताहरुको स्वार्थ, अहंकार, पदलोलुपता, सत्तालिप्साको टकराव, एकअर्काप्रति सत्तोसराप आदि बन्न पुग्यो ।

'अमूक नेता भन्नु नै पार्टी र पार्टी भन्नु नै नेता' मान्नुपर्ने व्यक्तिवादको स्थिति उत्पन्न भयो । कथित कार्यकर्ताको समुह नेतातन्त्रको प्रतिरक्षा गर्ने 'आधुनिक दास'को शिकार भयो । राष्ट्रप्रतिको जिम्मेवारी र नागरिकको कर्तव्य बिर्सेर आ-आफ्ना समुहको प्रतिरक्षा र नेताको जयजयकार गर्नु नै उनीहरूको कर्तव्य बन्न पुग्यो ।

फलतः हाम्रो लोकतन्त्र आज दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र, परिवारतन्त्र, लुटतन्त्र, अल्पतन्त्र र कुलीनतन्त्रको दलदलमा फस्यो । लोकतन्त्र सीमित, संकुचित, औपाचरिक वा नाम मात्रको बन्न पुग्यो । यो पहिलो समस्या हो ।

१.२. कुशासन र भ्रष्ट्राचारको समस्या

मुलुकको दोश्रो ठूलो समस्या कुशासन र भ्रष्टाचार हो । नयाँ संविधानको घोषणापछि पनि कर्मचारीतन्त्र, दण्डाधिकारी तथा नियामक निकायको पुनर्गठन गरिएन । अझ बढी दलीयकरण गरेर राज्य संयन्त्रलाई निकम्मा बनाइयो । कर्मचारीतन्त्रमा दलीय ट्रेड युनियन कायमै छ । संवैधानिक निकायमा राजनीतिक भागबण्डाबाट 'गोजीका मान्छे' नियुक्त गरेर संवैधानिक आयोगहरूको निष्पक्षता र तटस्थतालाई समाप्त पारिएको छ । न्यायालयजस्तो न्यायिक निरुपण हुनेपर्ने अंगमा समेत चरम दलीयकरण भएको छ ।

दैनिक ठूलाठूला भ्रष्टाचारका काण्डहरू समाचारमा आउँछन् । त्यसको निष्पक्ष, स्वतन्त्र र विश्वसनीय छानबिन हुँदैन । नक्कली भुटानी शरणार्थी, किलोका किलो सुनको तस्करी, ललिता निवास, पशुपतिनाथको जलहरी आदिजस्ता प्रकरणहरूमा भएका भ्रष्टाचारका काण्डहरूमा नाम मात्रको छानबिन भएको छ । कथित शीर्ष नेताहरूको अबाञ्छित दबाब र मिलिमतोमा छानबिनलाई प्रभावित तथा संकुचित गरियो ।

त्यस्तै यती होल्डिङ्स, वाइडबडी जहाज खरिद, ओम्नी स्वास्थ्य सामाग्री खरिद, सेक्युरिटी प्रेस, फाष्ट- ट्र्याक लागत अधिमूल्याँङ्कन, एन-सेल कर प्रकरणलगायतका दर्जनौं ठूला भ्रष्टाचार र आर्थिक अनियमितताको विश्वसनीय छानबिन र कार्वाही भएन । सार्वजनिक वृत्तमा नआएका

घटना र संस्थागत भ्रष्टाचारको कुनै सीमा छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो सँवैधानिक भूमिका र विश्वासनीयता गुमाई सकेको छ । त्यहाँ स्वयं भ्रष्टाचारका आरोपीहरूले अखडा जमाएर बसेका छन् । कुशासन र भ्रष्टाचारको अन्त्य गर्दै सुशासनको प्रत्याभूति बिना संमृद्धि किमार्थ संभव छैन ।

१.३. स्वशासन, प्रादेशिक स्वायत्तता र शक्ति निक्षेपणको अभाव

तेस्रो समस्या हो- संविधानत स्वीकार गरिएको संघीयता, समावेशिता र सामाजिक न्यायको सिद्धान्तलाई समुचित कार्यान्वयनमा नलैजानु हो । किनकि स्वशासन, प्रादेशिक स्वायत्तता, वित्तीय तथा प्रशासनिक संघीयता, शक्ति निक्षेपण, सीमान्तकृत समुदायको यथोचित प्रतिनिधित्व र सहभागिता तथा सामाजिक न्याय सम्बन्धी कार्यक्रमको सर्वथा अभाव छ ।

संघीयताको उपयुक्त मोडेल र शासकीय स्वरुप कायम नहुँदा न त पहिचान र अधिकारको माग संबोधन हुन सकेको छ, न वित्तीय तथा प्रशासनिक संघीयता नै लागु हुन सकेको छ । अर्कोतिर, न त सीमान्तकृत समुदायका भाषा र संस्कृतिको सम्बर्धन हुन सक्यो, न समावेशिताले नै मुर्तरुप प्राप्त गर्‍यो ।

नयाँ संविधानको घोषणापछि पनि दलित समुदायमाथिको विभेद, हिंसा र अत्याचार झन् बढेको छ । सामाजिक कुप्रथा, रुढीवाद र अन्धविश्वासको अन्त्य गर्न राज्यले सार्थक पहलकदमी लिईरहेको छैन । राज्य र सामाजिक भूमिकामा दलित÷अल्पसंख्यकलगायत अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व र सहभागिता अत्यन्त कमजोर छ । महिलाको समानता र अधिकारसँग जोडिएका कैयौं सवाल अझै संबोधन हुन सकेका छैनन् ।

आदिबासी, जनजाति, मधेसी, दलित, मुस्लिम, धार्मिक, साँस्कृतिक, भाषिक, क्षेत्रीय आदि अल्पसंख्यक समुदाय राज्यसँग असन्तुष्ट मात्र छैनन्, विद्रोही समेत हुँदै गएका छन् । यस्ता समुदायका मागको यथोचित संबोधन, मूल प्रवाहिकरण र नयाँ आधारमा राष्ट्रिय एकता र राष्ट्रनिर्माणको कार्यभार अधुरो छ । परिणामतः सामाजिक अराजकता र बिग्रह उत्पन्न भई राष्ट्रिय एकतामा आँच आँउन सक्ने जोखिम बढेको छ ।

१.४. गरिबी, बेरोेजगारी, उद्यमशीलता ह्रास, अस्वभाविक विदेश पलायन र बढ्दो आर्थिक संकट

चौथो मुख्य समस्या हो- चरम आर्थिक सङ्कट । राष्ट्र, राज्य र नागरिक तीन वटै तहमा आर्थिक संकट छ र यो दिन प्रतिदिन झन्झन् गहिरो हुँदै गइरहेको छ ।

राष्ट्रिय अर्थतन्त्रको चर्चा गर्दा विप्रेषण, वैदेशिक मुद्राको सँचिती र शोधान्तर बचतबाहेक अरु कुनै आर्थिक सुचक बलिया र सकारात्मक छैनन् । विश्वको औसत प्रतिब्यक्ति आय १४ हजार अमेरिकी डलरभन्दा माथि पुगिसक्दा पनि हामीहरू त्यसको दश गुणा कम अर्थात चौध सयको आसपास मात्र छौं । कुल उपभोगको करिब पचासी प्रतिशत हिस्सा आयातमा आधारित छ । अर्थतन्त्रको उत्पादनशील चरित्र ह्रासोन्मुख छ । मुलुक युवा श्रमशक्ति निर्यात गर्ने र बाँकी सबै वस्तु आयात गर्ने 'उपभोग केन्द्र' जस्तो बनेको छ ।

अर्थतन्त्रको मेरुदण्ड मानिएको कृषि क्षेत्र प्रविधि, मल, बीउ, सिँचाई र लाभदायक बजार व्यवस्थाको अभावमा संकुचित भएको छ । कृषि क्षेत्रबाट युवा पुस्ता पलायन हुँदैछ । कृषिलाई गौरवहीन र अपमानित पेशामा परिणात गरिदंैछ । देश भने खाद्यान्न, फलफूल, तरकारीजस्ता कृषिउपजमा समेत आयातमुखी र परनिर्भर हुँदंैछ । देशको 'खाद्य सम्प्रभुता' संकटमा परेको छ।

हिमाली, पहाडी र ग्रामिण क्षेत्रबाट जनसंख्या तीव्र रुपमा पलायन हुँदैछ । पछिल्लो जनगणाना अनुसार ४० जिल्लाको जनसंख्या ह्रास भएको छ । आन्तरिक तथा बाह्य दुबै प्रकारको आप्रवासन तीव्र छ । गाउँमा कृषियोग्य बाँझो जमिनको अनुपात बढ्दो छ । तर, भूमि व्यवस्था तथा कृषि सुधारका लागि राज्यले कुनै पहल गरेको छैन । भौगोलिक आधारमा जनसांख्यिक असन्तुलन फराकिलो हुँदैछ ।

अभावमा सहर कंक्रिटको जंगल वा नयाँ सुकुम्बासी बस्तीजस्ता हुँदैंछन ।

वातावरणीय बिनाश र असन्तुलनको सवाल जटिल बन्दैछ । हिमाल नाङ्गिदंै छन् । पहाडमा पानीका मुहान सुक्दैछन् । चुरे विनाश ब्यापक छ । तराई-मधेशमा भूमिगत जलसतह अझ तल धसिदैछ र मरुभूमिकरणको संभावना बढ्दैछ । बाढी, पहिरो, अतिबृिष्ट र अनाबृष्टिले हानी नोक्सानीलाई ब्यापक रुपमा बढाउँदैछ । जलवायु तथा वैश्विक तापमान परिवर्तनको यथोचित रणनीति बन्न सकेको छैन ।

राष्ट्रिय अर्थतन्त्रमा औधोगिक क्षेत्रको योगदान सीमित छ । एक्काईसौं शताब्दीको तेस्रो दशकसम्म आइपुग्दा पनि मुलुकमा औधोगिकीकरण आरम्भ भएकै छैन । भएका उद्योगधन्दा

अधिकाँस धरासायी छन् । राज्यको यथोचित संरक्षण नहुँदा उद्योगले अन्तर्राष्ट्रिय लागतस्तर र मूल्य प्रतिष्पर्धाको सामना गर्न सकेका छैनन् । आयात, निर्यात, असन्तुलन र ब्यापार घाटाको समस्या कायमै छ।

अर्थतन्त्रको अर्को महत्वपूर्ण आधार मानिएको पर्यटन क्षेत्र कोभिड-१९ को महाब्याधिपछि राम्ररी उठ्न सकेको छैन । पर्यटन उद्योगमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षासहित महङ्गो ब्याजदरको विदेशी ऋण लिएर बनाइएका भैरहवा तथा पोखरा विमानस्थल निर्माण कार्य पूरा भएको बर्ष दिन बितिसक्दा पनि ब्यवसायिक अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । उल्लेखित विमानस्थलहरूको लगानी खेर जाने जोखिम बढेको छ । यस सम्बन्धी व्यवधान हटाउन यथोचित कुटनीतिक पहल गर्न सरकार असफल भएको छ ।

राज्य अर्थतन्त्रको चर्चा गर्दा विद्यमान राजस्व संकलनले चालु खर्च पनि धानिदंैन । वास्तविक खर्चको करिब असी प्रतिशतसम्म चालु खर्च हुने गरेको छ । पूँजीगत खर्चको अभावमा विकास निर्माणका कार्यहरू ठप्पजस्तै छन् । इतिहासमै पहिलो पटक बजेटले चालु आर्थिक बर्षबाट पूँजीगतभन्दा वित्तीय खर्च अनुपात बढी हुने अनुमान प्रस्तुत गरेको छ । सार्वजनिक ऋण करिब २४ खर्ब अर्थात् जिडिपीको करिब पचास प्रतिशत पुग्नै लागेको छ । सरकार नयाँ ऋण लिएर पुरानो ऋण तिर्दैछ । यो स्थिति सुधार वा अन्त्य हुने कुनै संभावना देखिएको छैन । आगामी आर्थिक बर्षमा यो प्रवृत्ति झन बढ्दै जाने निश्चित छ।

राष्ट्रिय गौरवका योजना निर्माणको गति र गुणस्तर सन्तोषजनक छैनन् । निर्माण कार्य ढिलो हुँदै जाँदा लागत गुणात्मक रुपले बढ्दैछ । यसले ‘बजेटरी’ तथा वित्तीय असन्तुलन बढाएको छ । सामाजिक सुरक्षा कार्यक्रम कटौती हुन सक्ने जोखिम बढेको छ ।

चर्को ब्याजदरले उद्यमी र ब्यवसायीहरूको ढाड सेकेको छ । उद्यमशीलतालाई अभिबृद्धि गर्ने कुनै अनुकुल वातावरण छैन । बैंक, लघुवित्त, ऋण तथा बचत सहकारी र मिटरब्याज पीडितको समस्या समाधान हुन सकेको छैन ।

अधिकांश नागरिकको आर्थिक जीवन तहसनहस छ । निरपेक्ष गरिबी र बेरोजगारी बढ्दैछ भने नागरिकको औसत ज्याला, तलब र आय बढेको छैन । तर, उपभोग्यवस्तु तथा सेवाको बजार भाउ चाँहि आकासिदो छ । शिक्षा, स्वास्थ्य, आवासजस्ता आधारभूत आवश्यकता असाध्यै महङ्गो हुँदै गएका छन् । गत आर्थिक बर्षमा सर्वाधिक उच्च करिब नौ लाख युवा जनशक्ति विदेशिएको छ ।

नागरिकलाई विदेशिनु पर्ने बाध्यता र परिस्थिति बुझ्नुको साटो राजनीतिक दलका नेता उल्टै उनीहरूको देशभक्तिमा शंका र गाली गर्दैछन् ।

राष्ट्रिय अर्थतन्त्रको ढाँचा, राज्यको वित्तीय स्थिति र जनताको आर्थिक जीवन प्रणालीमा उत्पन्न समस्या हल गर्ने संरचनात्मक सुधार तथा दीर्घकालिन रणनीति अनिवार्य भएको छ । तर यसको लागि पुरानो राजनीति, दलहरू, नेतृत्व, शासकीय संरचना, प्रसाशनिक प्रक्रिया र कार्यशैली अवरोध बनेर उभिएका छन् । नागरिक आफैले पहलकदमी लिएर यस्ता अवरोधहरूलाई नहटाएसम्म मुलुकले आर्थिक विकास र संमृद्धि हासिल गर्ने कुनै संभावना छैन ।

### १.५. सार्वभौमसत्ता, स्वाधीनता र आत्मसम्मानको क्षयीकरण

पाँचौ समस्या हो- देशको सार्वभौमसत्ता, स्वाधीनता र आत्मसम्मानको क्षयीकरण । नेतृत्वले विश्वको समकालिन शक्ति सम्बन्ध र भूराजनीतिक जटिलताबीच यथोचित, समन्वयात्मक, सन्तुलित, मर्यादित र नागरिक (राष्ट्रिय) हीत अनुरुपको विदेश नीति अपनाउनुपर्ने कुटनैतिक क्षमता गुमाउँदा देशमा विदेशीको स्वार्थ र टकराव बढ्दै गएको छ । देशको अन्तर्राष्ट्रिय प्रतिष्ठा र विश्वसनीयता मात्र धरासायी भएको छैन, देश भूराजनीतिक दुश्चक्रको भुमरीमा फस्ने जोखिमसमेत छ ।

## २. पाँच समाधान

उपरोक्त पाँच समस्याका पाँच समाधान पनि छन् ।

### २.१. समग्र राजनीतिक पुनर्गठन र 'नागरिक पहिलो' अवधारणाको प्रत्याभूति

पहिलो समस्याको समाधान 'नागरिक पहिलो' अवधारणाको प्रत्याभूति हुने गरी समग्र राजनीतिको पुनर्गठन हो । राजा, राष्ट्रपति, दल, नेता, कर्मचारीतन्त्र, सेना-प्रहरी, कर्पोरेट संस्था, विचौलिया आदि होइन, अब नागरिक नै राजनीति, अर्थतन्त्र र विदेशनीतिको केन्द्रमा हुनै पर्दछ । नागरिक पहिलो र सार्वभौम हो । त्यसैले नागरिकको सर्वोत्तम हीत र कल्याण नै राजनीति र राज्य व्यवस्थाको सार हो भन्ने मान्यतालाई स्थापित गर्नै पर्दछ।

यसको लागि दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र, परिवारतन्त्र, लुटतन्त्र, अल्पतन्त्र र सिन्डिकेटतन्त्रलाई अन्त्य गर्ने गरी संवैधानिक सुधार तथा राजनीतिक दल सम्बन्धि ऐन संशोधन गर्नुपर्छ । शासकीय स्वरुप र निर्वाचन प्रणालीको पुनरावलोकन हुनुपर्छ । उम्मेदवार छनौटमा प्राथमिक

निर्वाचन, दलहरुलाई 'स्टेट- फन्डिङ'को व्यवस्था, पार्टी सदस्य सार्वभौम हुने गरी प्रत्यक्ष निर्वाचनमा आधारित दलहरुको अधिवेशन तथा आन्तरिक निर्वाचन लगायतका प्रावधान स्थापित गरिनु पर्दछ । लोकतान्त्रिक युगका दलहरू स्वयं सुशासित, संस्थागत र पारदर्शी हुनु पर्दछ । दल र नेताहरूलाई छाडा छोड्न अराजक र छाडा छोड्नु हुँदैन । ऐन कानुन बनाएर उपर्युक्त पद्धति र प्रक्रियाको प्रत्याभूती गराउनु पर्दछ । राजनीतिक दलहरूमा नेतृत्व हस्तान्तरण र गतिशीलताको प्रक्रिया मूर्त हुनु पर्दछ।

राजनीति पद, प्रतिष्ठा र अवसर कुनै आकासे खेती होइन, एउटा निष्ठा, सेवा र साधना हो । राजनीतिक कर्म कुनै पेशा वा वृत्तिविकासको सवाल होइन, नागरिकको सर्बोत्तम हित र राष्ट्रको ऐतिहासिक कार्यभारसंग जोडिएको हुनु पर्दछ । राजनीति प्रगतिको बाधक एवं यथास्थितिको पृष्ठपोषक होइन, सामाजिक गतिशीलता र आर्थिक विकासको आधार बन्नु पर्दछ ।

## २.२. सुशासनको प्रत्याभूतिका लागि सम्झौताहीन सुधार

कुशासन र भ्रष्टाचारको समस्या हल गर्ने एक मात्र उपाय सुशासनका मापदण्ड र सर्तमा कुनै प्रकारको सम्झौता नगर्नु हो । राजनीतिक सुधारले पनि सुशासनको प्रत्याभूतिका लागि केही हदसम्म योगदान गर्दछ । तर यसको मुख्य पक्ष भनेको प्रशासनिक पुनर्गठन, दण्डाधिकारी तथा नियामक निकायको सुदृढीकरण, आर्थिक ऐन-कानुनको पारदर्शीता र वैज्ञानिकता हो ।

'नागरिक पहिलो' अभियानले कर्मचारीतन्त्रको पुनर्गठन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पति शुद्धिकरण विभाग, राष्ट्रिय सतर्कता केन्द्र, राजस्व विभाग तथा राजस्व अनुसन्धान आयोग आदिको ब्यापक पुनर्गठन र सुधारको पक्षमा पैरवी गर्नेछ ।

प्रशासनिक झमेला र ढिलासुस्तीका कारक बनेका सबै प्रकारका प्रशासनिक ऐन, कानुन, नियम, नियमावली परिर्वतन गरिनु पर्दछ । सबैलाई समेट्ने वास्तविक कारोबारमा आधारित फराकिलो करको दायरा हुनुपर्दछ । तर यसो गर्दा करको दर भने कम हुने राजस्व प्रशासन कायम गरिनु पर्दछ । र, राज्यका सबै आर्थिक नियम कानुनको पुनरावलोकन गरिनुपर्दछ । कम्पनी ऐनलाई सहज, लचिलो र उत्प्रेरणामुखी बनाउनु पर्दछ । प्रशासनिक प्रक्रिया र आर्थिक कारोबारलाई ब्यापक डिजिटल प्रणालीमा रुपान्तर गर्नु पर्दछ ।

कर्मचारीतन्त्रमा दलीय ट्रेड युनियन खारेज गर्नु पर्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका सँवैधानिक अंग, निकाय र आयोगमा दलीय भागबन्डाको आधारमा पूर्वप्रशासकलाई नियुक्ति गर्ने प्रचलनलाई अन्त्य गरी जनलोकपाल (पब्लिक-अम्बुड्सम्यान)को  अवधारणा अनुरुप नयाँ  प्रावधान स्थापित गरिनु पर्दछ ।

२.३. ‘नागरिक केन्द्रियता’मा आधारित राज्यको चरित्र र राष्ट्र निर्माण

तेस्रो समस्याको समाधान हो- ‘नागरिक केन्द्रियता’मा आधारित राज्यको चरित्र र राष्ट्र निर्माण । हाम्रो राजनीतिक प्रणाली बदलियो, शासकीय वृत्त बदलियो तर राज्यको चरित्र बदलिएन । राज्यको चरित्र आज पनि त्यहीं छ, जतिवेला राणा, शाह र पञ्चहरूको शासनकालमा थियो । राज्यको चरित्र बदलिएन भने औपचारिक रुपमा संघीयता, समावेशिता र सामाजिक न्यायको सिद्धान्त स्वीकार गरेर मात्र केही नहुने रहेछ ।

राज्यको चरित्र र राज्य सञ्चालन (स्टेट क्रफ्टिङ) अब नयाँ प्रकारको राष्ट्र निर्माण (नेशन बिल्डिङ्ग) को कार्यभारसंग जोडिनु पर्दछ । राज्यको चरित्र निर्माण र राष्ट्र निर्माणको अधुरो कार्यभार पूरा गर्ने हाम्रो आधार हाम्रा ‘मौलिकता’ हुन् । प्रत्येक देशको आफ्नै मौलिक चरित्र र विशेषता हुन्छ । देशको सभ्यता र संस्कृतिका मौलिक गुण हुन्छन् । प्रत्येक देशका आफ्नै ज्ञान परम्परा, मूल्य प्रणाली र नैतिक मापदण्ड हुन्छन् । त्यसलाई बिर्सेर वा बेवास्ता गरेर न त राज्यको चरित्र बन्छ, न राष्ट्र निर्माण नै ।

हाम्रो ज्ञानको मुख्य श्रोत पूर्वीय ज्ञान परम्परा हो । हाम्रो मौलिकता, स्वाभिमान र गौरवको आधार पनि त्यही हो । किराँत, सनातन वैदिक, बौद्ध सभ्यतासंगसंगै अनेक रैथाने प्रकृतिपुजक समुदाय र संस्कृतिका जगमा यो देश बनेको छ । प्राचीन मिथिला, कपिलवस्तु, किराँत र खस-साम्राज्यका भूगोल, सम्पदा र विरासत हामीसँग जोडिएका छन् । मध्यकालीन दर्जनौं राज्यहरूको इतिहासले हाम्रो भाषा, सम्पदा र सँस्कृतिलाई अनुप्रेरित तथा संमृद्ध बनाएको छ । यसका अतिरिक्त समयक्रममा थपिदै र घुलमिल हुँदै गएका धर्म, सभ्यता र सँस्कृतिप्रति पनि हामी उत्तिकै समभाव राख्दछौं ।

यस्ता अनेक सभ्यता र सँस्कृतिबीच ‘सभ्यता-संघर्ष’ होइन, हामीलाई समन्वय, एकता, सद्भाव र स्वीकार्यता चाहिएको छ । ‘सभ्यता-सामञ्जस्यता’ चाहिएको छ । हाम्रो लोकतन्त्र, राजनीतिक अभ्यास, राज्य सञ्चालनको आदर्श, आधुनिकता, प्रविधि मैत्री सोंच र वैज्ञानिकता हाम्रै ज्ञान

परम्पराबाट मार्ग निर्देशित हुनुपर्दछ । तब मात्र मौलिक, सबल, समावेशी र अग्रगामी राज्यनिर्माण गर्न सकिन्छ । राष्ट्र निर्माणको अधुरो कार्यभार पूरा गर्न सकिन्छ ।

हाम्रो संघीयता, समावेशिता र सामाजिक न्यायको अहिलेको प्रारुप अपर्याप्त छ । स्वशासन, स्वायक्तता, शक्ति निक्षेपण, समावेशीता र सामाजिक न्यायको मान्यताअनुरुप समग्र राज्यसंरचना र चरित्रको पुनरावलोकन हुन जरुरी छ । विविधतालाई विभेद होइन, स्वीकार र आत्मसात गर्दै सबैले सबैलाई जोड्दै, सबैको स्वाभिमानको सम्मान गर्दै, सबैको संमृद्धितिर अघि बढ्ने बाटो अवलम्वन गर्नु पर्दछ । हाम्रो विगत साझा थियो, वर्तमान र भविष्य पनि साझा छ ।

२.४. अर्थतन्त्र, उत्पादन सम्बन्ध र वितरण प्रणालीको पुनर्गठन

जसरी राजनीति र राज्यको केन्द्रमा 'नागरिक' हुनु पर्दछ, त्यसरी नै अर्थतन्त्र र बजारको केन्द्रमा 'उपभोक्ता' हुनुपर्दछ । लोकतन्त्रको आधारभूत शर्त 'जनताको सार्वभौमसत्ता' हो । यसको अर्थ राजनीतिमा 'नागरिक सर्वोच्चता' भएजस्तै अर्थतन्त्रमा 'उपभोक्ता हीतको सर्वोच्चता' हुनु पर्दछ।

यसको लागि उपयुक्त अर्थतन्त्रको ढाँचा सामाजिक बजार अर्थतन्त्र ( सोसल मार्केट ईकोनमी) हो । अहिलेको छाडा, नवउदारवादी, दलाल, अनुत्पादक र उपभोगमुखी अर्थतन्त्रलाई सामाजिक बजार अर्थतन्त्रका अन्तर्राष्ट्रिय मानक बमोजिम नियमन गर्न आवश्यक छ ।

यस मान्यतामा सरकारको भूमिका नियमनकारी हुन्छ । साथसाथैं, राज्यले आफुलाई आधारभूत सार्वजनिक सेवा सुविधाको प्रत्याभूति, गुणस्तरीयता, दीगो पूर्वाधार विकास र रणनीतिक महत्वको लगानीमा मात्र केन्द्रित गर्नु पर्दछ । निजी उद्यमशीलता निर्वाध र स्वतन्त्र हुनु पर्दछ ।

राज्यले निजी क्षेत्रलाई निरुत्साहित होइन, प्रबद्र्धन गर्नु पर्दछ । निजी क्षेत्रमैत्री आर्थिक ऐनकानुन र आर्थिक प्रशासन हुनु पर्दछ । सानो र समान उत्पादन चरित्र भएको समुदायमा सहकारी संस्था प्रभावकारी हुन्छन् । आधारभूत सामुदायिक सेवा तथा स्रोत सामुदायिक संगठनको स्वामित्व र सञ्चालनमा हुनु पर्दछ ।

शिक्षा, स्वास्थ्य, सञ्चार, यातायातलगायतका आधारभूत सेवाहरुको सहज उपलब्धता र गुणस्तरमा राज्यको भूमिका हुनु पर्दछ । राष्ट्रिय अर्थतन्त्रका सँभावनाको नयाँ ढंगले उपयोग हुनु पर्दछ । चालु खर्च ४० प्रतिशत र वित्तीय खर्च १० प्रतिशतमा सीमित हुने र बाँकी ५० प्रतिशत पूँजीगत

खर्च हुन सक्ने गरी बजेट पुनर्संरचना गरिनु पर्दछ । यसका लागि 'सानो आकारको सरकार' अवधारणामा आधारित भएर राज्यसंगठनको ब्यापक पुनर्समायोजन हुनु पर्दछ।

आर्थिक क्षेत्रको समग्र सुधारको एक भिन्नै मागपत्र प्रस्तुत गरिनेछ ।

२.५. विदेश नीतिको पुनर्समायोजन र कुटनीतिक संयन्त्रको सवलीकरण

परम्परागत विदेशनीति र कुटनीतिक क्षमताले देशको सार्वभौमसत्ता, स्वाधिनता र आत्मसम्मानको अभिबृद्धि संभव छैन । 'बाहिर बाहिर भुक्ने र भित्रभित्रै लम्पसार पर्ने' पुराना दल र नेताहरुको चरित्र राष्ट्रको मर्यादा र अन्तर्राष्ट्रिय प्रतिष्ठाका लागि घातक छ । यो प्रवृत्ति पूरै अन्त्य हुनु पर्दछ । 'अनावश्यक रुपमा कसैलाई न भुक्ने र राष्ट्रियहीत विपरित कसैसंग नझुक्ने' नीति लिनु पर्दछ ।

विश्वको समकालीन शक्ति सम्बन्ध र भूराजनीतिक जटिलताबीच यथोचित, समन्वयात्मक, सन्तुलित, मर्यादित र नागरिक केन्द्रित हीत अनुरुपको विदेशनीति संचालन आवश्यक पर्दछ । अनि मात्र सबैसँग सन्तुलित कुटनीतिक सम्बन्ध कायम गर्न र भूमण्डलीकरणबाट यथोचित अवसर उपभोग गर्न सकिन्छ । यसको लागि विदेश नीतिको पुनर्समायोजन, भूराजनीतिक रणनीति तथा विदेशनीति सञ्चालनमा प्रष्टता र कुटनीतिक संयन्त्रको सवलीकरण महत्वपूर्ण काम हो ।

३. एक अभियान, पाँच काम

उपरोक्त 'पाँच समस्या, पाँच समाधान'का पक्षमा राष्ट्रब्यापी 'एक अभियान' सञ्चालन गर्न मंसिर ११-१२ गते काठमाण्डौं, कोटेश्वरमा आयोजित दुई दिने राष्ट्रिय भेलाका हामी सहभागीहरू 'नागरिक पहिलो' (People First) अभियानको घोषणा गर्दछौं । अभियानको मुख्य नारा 'सबैको स्वाभिमान, सबैको समृद्धि' (Dignity for All, Prosperity for All) हुनेछ ।

अभियानको तत्कालिक कार्ययोजना निम्नाअनुसार छ ।

३.१. औपचारिक, सीमित, सँकुचित र विकृत हुँदै गएको लोकतन्त्रलाई वास्तविक लोकतन्त्रमा परिणत गर्न राजनीतिक दल सम्बन्धी ऐन र भ्रष्टाचार तथा कुशासनको अन्त्य गरी सुशासन सुनिश्चित गर्न सुशासन तथा दण्डाधिकारी निकाय सम्बन्धी ऐन संशोधन गर्न आवश्यक नागरिक विधेयक तयार गरी संसद सचिवालयमा दर्ता गरिनेछ । संसदबाट यसलाई पारित गराउँन राष्ट्रब्यापी जनदबाब तथा आन्दोलन सिर्जना गरिनेछ ।

३.२.  आर्थिक, सामाजिक, साँस्कृतिकलगायत देशका अन्य सबैप्रकारका समस्याको चित्रण र सार-संक्षेपीकरण हुने गरी एक मात्रपत्र तयार, प्रस्तुत र सार्वजनिक गरिनेछ । माग पुरा गर्न÷गराउन राष्ट्रब्यापी जनपरिचालन गरिनेछ ।

३.३.  सबै प्रकारको सामाजिक, साँस्कृतिक, भाषिक तथा समुदायगत विभेद, अत्याचार तथा उत्पीडनको अन्त्य गर्दै एकताबद्ध, भातृत्वपूर्ण, विविधतायुक्त र सामाजिक न्याय प्रत्याभूत भएको समाज र राज्य व्यवस्था निर्माण गर्न राजनीतिक पहलकदमी र सामाजिक परिचालनलाई अगाडि बढाईनेछ ।

३.४.  अभियानलाई एक खुकुलो नागरिक सञ्जालका रुपमा प्रदेश र पालिका तहमा बिस्तार गरिनेछ । अभियानको उद्धेश्य, सोच, भावनाको आम अभिमुखीकरण तथा जनस्तरबाट पृष्ठपोषण हासिल गरी यथोचित सुधार गरिनेछ ।

३.५.  अभियानको उदेश्यसँग सहमत पक्षहरुसँग सहकार्य गर्दै आम जनपरिचालन र आन्दोलनको विकास गरिनेछ । नागरिकस्तरको नयाँ एकता, संगठन र आन्दोलनबाट मात्र पाँच समस्याको पाँच समाधान संभव छ ।

'पाँच समस्या, पाँच समाधान, एक अभियान र पाँच काम' लाई सफल बनाउँन 'नागरिक पहिलो' (People First) अभियानमा सामेल भई सक्रिय हुन सबैलाई हार्दिक अपिल गर्दछौं।

धन्यवाद ।

२०८० मंसिर, ११-१२ गते

कोटेश्वर, काठमाण्डौं ।

# २० बुँदे नागरिक दाबी-पत्र

## संक्षेपीकरण

१.राजनीतिक दलभित्र सबै राजकीय तह र पदको उम्मेद्वारी छनौटका लागि प्राथमिक निर्वाचन (प्राइमरी ) कानुनतः अनिवार्य गरिनु पर्दछ । दलहरुको नेतृत्व सदस्यको प्रत्यक्ष मतदानबाट निर्वाचित हुनु पर्दछ । दलहरुलाई अपारदर्शी चन्दा संकलन प्रतिबन्ध गरी र न्युनतम् खर्च 'स्टेट फन्डिङ' गरिनु पर्दछ ।

दलको कोष दर्तावाल 'क' वर्गको चाटर्ट एकाउन्टेन्ट र महालेखा परिक्षकले दोहोरो लेखापरिक्षण गर्नु पर्दछ । पार्टी कोषमा हुने हिनामिना राज्यकोषको हिनामिना सहर भ्रष्टाचार मानिनु र दंडनीय हुनु पर्दछ । दल र उम्मेद्वारहरुको निर्वाचन खर्च  अनुमगन गर्ने निर्वाचन आयोग एक विशेष सेल गठन गरिनु पर्दछ । त्यसको अनुगमन  प्रतिवेदनका आधारमा  तोकिएको खर्च सीमा नाघिएको भए उम्मेद्वारी खारेज हुन सक्नेसम्मको कानुनी व्यवस्था गरिनु पर्दछ ।

दल विभाजन सम्बन्धि ऐन अध्यादेशबाट संशोधन गरिनु हुँदैन । निर्वाचनपूर्वको गठबन्धन गरेका दलहरुले निर्वाचनपश्चातको गठबन्धन गर्न नपाउँने, एक दलको सदस्य अर्को दलको चुनावचिन्हबाट उम्मेद्वार हुन नपाउने व्यवस्था हुनु पर्दछ । निर्वाचन आयोगका आयुक्तको नियुक्ति संवैधानिक परिषदबाट राजनीतिक भागबन्डाका आधारमा नभएर संसदको दुई तिहाईबाट हुनु पर्दछ ।

२.विदेशमा बस्ने नेपाली नागरिकको मताधिकार, मतपत्रमा अस्वीकारको अधिकार ( नो भोट ) तथा नागरिक पहलकदमी र प्रत्याव्हानको अधिकार सुनिश्चित गरिनु पर्दछ  । स्थानीय तहको निर्वाचन गैरदलीय हुनु पर्दछ । प्रदेश प्रमुख र मुख्यमन्त्रीमध्ये एक पद कायम गरी प्रत्यक्ष निर्वाचन, प्रदेश सभा संरचना र संख्याको पुनर्समायोजन हुनु पर्दछ ।

३.शासकीय स्वरुप, निर्वाचन प्रणाली, प्रदेशको सीमांकन÷नामांकन, राज्य संरचनाको आकार, कर्मचारीतन्त्रको पुनर्गठनलगायतका बिषयमा रहेको विवाद निरुपण गर्न नेपालको संविधान-२०७२ को पुनरावलोकनका लागि संविधान सुधार सुझाब आयोग गठन गरिनु पर्दछ । र संविधानको अग्रगामी संशोधन प्रक्रिया अघि बढाइनु पर्दछ ।

४.सबै प्रकारका दलीय ट्रेड युनियन खारेज गरिनु पर्दछ । सबै क्षेत्रमा व्यक्ति मतदाता, उम्मेद्वार र निर्वाचित हुने एकल ट्रेड युनियन कायम हुनु पर्दछ ।

५.राज्यको मर्यादाक्रम निर्धारण गर्दा १ नम्बरमा 'आम नागरिक' लेखिनु पर्दछ वा राष्ट्रपतिलाई 'प्रथम नागरिक' संबोधन गरिनु पर्दछ । सिंहदरबारको नाम परिर्वतन गरी 'नागरिक सेवा मु्ख्यालय' राखिनु पर्दछ । 'नागरिक सेवा मु्ख्यालय' मा नागरिकको निर्वाध प्रवेश व्यवस्था गरिनु पर्दछ । निजामति सेवाको नाम 'नागरिक सेवा' राखिनु पर्दछ । राज्यको गल्ती वा ढिलासुस्तीले सेवाग्राहीको कुनै क्षति भए राज्यले क्षतिपुरण गर्ने कानुनी व्यवस्था गरिनु पर्दछ । कानुनतः प्रमाणको भार पुगेर पनि राज्य संयन्त्रको कारणले ढिलासुस्ती भएको काम स्वतः अनुमोदित र बैधानिक ( अटो अप्रुभल एण्ड भ्यालिडिटी ) हुने विद्युतीय व्यवस्था गरिनु पर्दछ ।

६.'सानो आकारको चुस्त र प्रभावकारी सरकार' को अवधारणा अनुरुप बार्षिक बजेट अनुपात ४० प्रतिशत चालु, १० प्रतिशत वित्तिय र ५० प्रतिशत पुँजीगत खर्च कायम हुने गरी राज्यका संरचना, संगठन, अंग र निकाय पुनरावलोकन गरिनु पर्दछ ।

७.विद्यमान ७७ जिल्ला संरचना खारेज गरिनु पर्दछ । जिल्ला तहको कार्यकारी अधिकार पालिकामा र समन्वयकारी अधिकार प्रदेशमा हस्तान्तरण गरिनु पर्दछ ।

८.वित्तीय संघीयताको अवधारणाअनुरुप कर स्रोत बाँडफाँड र एकिकृत कर राजस्व प्रणाली कायम गरिनु पर्दछ । सबै प्रकारका दोहोरो र चर्को कर अन्त्य गरिनु पर्दछ । स्थानीय विकास स्थानीय तह, सामाजिक तथा मानवीय विकास प्रदेश तह, अर्थ, मौद्रिक, सुरक्षा, परराष्ट्र र ठूला पूर्वाधार संघीय तहमा हुने गरी कार्यक्षेत्रको प्रष्ट वर्गिकरण गरिनु पर्दछ । संविधानको अनुसूचिमा भएको समवर्ती अधिकार सम्बन्धि अन्यौल अन्त्य गरिनु पर्दछ । संघीय तथा प्रादेशिक संसद विकास कोष खारेज हुनु पर्दछ ।

९.राष्ट्रिय योजना आयोग र पञ्च बर्षिय योजना प्रणाली खारेज गरिनु पर्दछ । संघीय तथा प्रादेशिक दुबै तहमा नीति आयोग बनाइनु पर्दछ । यस्ता आयोगलाई नीतिगत पुनरावलोकन सुझाब तथा औपचारिक 'थिंक ट्यांक' को कार्य दायित्व प्रदान गरिनु पर्दछ ।

१०.सरकारी कार्यालयको वरिपरी हुने लेखापढी तथा विचौलिया सेवा अन्त्य गरिनु पर्दछ । सबै कार्यालयमा नागरिक सहयोग कक्ष ( हेल्प डेस्क) हुनु पर्दछ । एक नागरिक एप्समार्फत् सबै

प्रशासनिक सेवा उपलब्ध हुने गरी ब्लक चेन प्रणाली आधरित आम डिजिटलीकरण ( मास डिजिटलाइजेसन ) गरिनु पर्दछ । नागरिकले आधारभूत प्रशासनिक सेवा आफै उपयोग गर्न सक्ने क्षमता विकास गर्न आम डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

११.अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जनलोकपाल ( पब्लिक अम्बुड्समयान) मा रुपान्तरण गरिनु पर्दछ । जनलोकपालका आयुक्तको नियुक्ति सेवानिवृत्त कर्मचारीबाट मात्र नभएर राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गरेका र नैतिक छवि बनाएका सार्बजनिक व्यक्तित्वबाट संसदको दुईतिहाईले गर्नु पर्दछ । नागरिक सेवाभित्र भिन्नै 'जनलोकपाल सेवा समूह' गठन गरिनु पर्दछ ।

१२.राज्यका विभिन्न पदमा बहालबाला र सेवानिवृत्त सबैको सम्पति छानविन गर्न एक विशेष उच्चस्तरीय 'नागरिक आयोग' गठन गरिनु पर्दछ । आयोगको प्रतिवेदनको आधारमा स्रोत नखुलेको अबैध तथा अकुत धन जफत र कार्वाही गरिनु पर्दछ ।

१३.लोक सेवा आयोगलगायत सार्वजनिक तथा राजकीय नियुक्ति हुने सबै प्रकारका परिक्षामा अंग्रेजी, नेपाली र मान्यता प्राप्त प्रादेशिक भाषामा प्रश्न पत्र तयार गर्ने र भाषा परिक्षार्थीले छनौट गर्न पाउने व्यवस्था गरिनु पर्दछ । शिक्षा र कार्यालयिक प्रचलनमा त्रिभाषिक नीति लागू गरिनु पर्दछ ।

१४.सार्वजनिक विद्यालय, महाविद्यालय, शिक्षण अस्पताल तथा अस्पतालको गुणस्तर सुधार विशेष योजना लागू गरिनु पर्दछ । निजी र सार्वजनिक विद्यालयबीचको गुणस्तर, शैक्षणिक भाषा र पाठ्यक्रम तथा पाठ्यपुस्तक विभेद अन्त्य गरी एकरुपता कायम गरिनु पर्दछ । बार्षिक बजेटको कम्तीमा २० प्रतिशत शिक्षा र कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गरिनु पर्दछ । विश्व विद्यालयहरुमा दलीयकरणको अन्त्यसंगै एकद्धार समकक्षता निर्धारण प्रणाली अबलम्बन गरिनु पर्दछ ।

आकस्मिक रोग, ठूला रोग र दूर्घटनाजन्य उपचारमा प्रभावकारी स्वास्थ्य बिमा नीति तथा पश्चवर्ती भुक्तानी प्रणाली ( पोष्ट पेमेन्ट सिष्टम ) लागू गरिनु पर्दछ । बिमारी तथा आफन्तजनसंग जम्मा गर्ने पैसा नभएको कारणले उपचार रोक्न नपाइने, उपचारपछिको बिल बिमा, निजीको सम्पतिको अवस्था हेरी भुक्तान गराउने र नपुग रकम राज्यले अनुदान दिने नीति लागू गरिनु पर्दछ ।

१५.महिला, दलित, अल्पसंख्यकलगायत सबै प्रकार सीमान्तकृत समुदायमाथि हुने विभेद, अपमान र हिंसालाई अन्त्य गर्ने विशेष कानुन र संयन्त्र बनाउनु पर्दछ । दलित समुदायको आर्थिक तथा सामाजिक विकासका लागि वित्तिय सहजता, उद्यमशीलता विकास र शैक्षणिक उपलब्धि हुने गरी एक भिन्नै कार्यक्रम प्याकेज तयार गरिनु पर्दछ ।

पुस्तौंदेखि भूमीहीन दलित, कमैया र हलियाहरुलाई एकपटक निश्चित क्षेत्रफलको जमिन निशुल्क वितरण गरिनु पर्दछ । महिला, दलित, मुस्लिम र अल्पसंख्यक समुदायलाई जनसंख्या अनुपातका आधारमा राज्यका सबै अंग र निकायमा आरक्षण दिइनु पर्दछ ।

१६.सबै प्रकारका राजनीतिक विद्रोह, आन्दोलन, क्रान्ति, शसस्त्र तथा निशस्त्र संघर्ष र सार्वजनिक प्रदर्शनलगायतको घटनाक्रममा भएका घाइते, वेपत्ता, शहिद, शहिद परिवार, लामो काराबास जीवन र निर्वासन जीवन बिताएकाहरुको अभिलेख तयार गरी यथोचित उपचार, क्षतिपूर्ती र पीडित राहत को व्यवस्था गरिनु पर्दछ ।

'ढिलो गरी न्याय दिनु न्याय नदिनु हो' सिद्धन्त र 'स्वयं पीडकले पीडितलाई न्याय दिँदैनन्' भन्ने मान्यता अनुरुप २ बर्षभित्र संक्रमणकालिन न्याय सम्बन्धि काम पूरा नभए द्वन्द्वरत पक्षका सबै मूल नेतृत्व पंक्तिले राजकीय पदमा प्रत्यासी हुन नपाउने कानुनी व्यवस्था गरिनु पर्दछ ।

१७.देशको प्रारम्भिक लोकतन्त्र बर्ष सन् १९५१ लाई आधार मानी १०० बर्षभित्र सन् २०५१ सम्म बाँकी २७ बर्षभित्र उच्च आय वर्ग भएको देश बन्ने गरी आर्थिक विकास लक्ष्य निर्धारिण, योजना र दुरदृष्टि बनाईनु र कार्यान्यवन गरिनु पर्दछ । त्यसलाई 'मिसन संमृद्धि-२०५१' भनिनु उचित हुन्छ ।

१८.सार्वजनिक आवास प्राधिकरण ( पब्लिक हाउजिङ अथोरिटी ) गठन गरी सबै नागरिकका लागि न्यूनतम् आधुनिक आवास सुविधा सुनिश्चित गर्नु पर्दछ । लामो समयदेखि बस्ती बसेका, ढालफाँड र खेती भएका वा शहरीकरण भएका राष्ट्रिय वन क्षेत्र तथा सार्बजनिक जमिनको भोगचलनका आधारमा स्वामित्व दिइनु पर्दछ । जटिल भौर्गभिक अवस्थामा रहेका जोखिमपूर्ण तथा समस्याग्रस्त परम्परागत बस्ती स्थानान्तरण गरिनु पर्दछ । खोला तथा सडक मापदंड पीडित जनताको उचित क्षतिपूर्ति तथा पुनर्बासको व्यवस्था गरिनु पर्दछ ।

धार्मिक तथा सांस्कृतिक सम्पदा स्थल भएका स्थान बाहेकका खेतीयोग्य गुठी जग्गा रैकर गरी किसानलाई पूर्ण स्वामित्व दिइनु पर्दछ । निकुञ्ज, आरक्ष, तथा राष्ट्रिय वनका मध्यवर्ती क्षेत्र नजिकका गाउँवस्तीमा जंगली जनावरले गर्ने वालीनाली र धनजनको क्षतिको क्षतिपुरण प्रभावकारी हुनु पर्दछ । सबै प्रकारका राष्ट्रिय स्रोत प्रशासनलाई 'लागत केन्द्र' बाट 'आय केन्द्र' मा रुपान्तरण गरिनु पर्दछ । राष्ट्रिय सम्पति साझा आय कोष ( नेसनल प्रोपर्टी कमन फन्ड ) स्थापना गरी प्रत्येक नागरिकलाई त्यसको बराबर अशिंयारी दिइनु पर्दछ ।

१९.'असारे विकास' लगायतका विकृति अन्त्य गर्न बैशाख-चैत्रको आर्थिक बर्ष कायम गरिनु पर्दछ । सबै आर्थिक क्रियाकलाप वैध र औपचारिक अर्थतन्त्रमा समेटिने प्रबन्धन र अभिलेखीकरण हुनु पर्दछ । चौथो पुस्ताको औधोगिकीकरण तथा उदारीकरण आवश्यकताअनुरुप नीतिगत तथा संरचनागत सुधार गरिनु पर्दछ । युवा उद्यमशीलता, नवप्रवर्तन र स्टार्ट-अपका लागि अनुदान तथा सस्तो ब्याजदरको दीर्घकालिन ऋण सुनिश्चित गरिनु पर्दछ ।

भारतसंगको लामो समयदेखिको स्थीर मुद्रा विनिमय दरको प्रभाव विश्लेषण र पुुनरावलोकनका लागि विशेष अध्ययन गरिनु पर्दछ । बैंक, वित्तिय संस्था, लघुवित्त र सहकारी संस्थालगायत ऋण लेनदेन हुने सबै क्षेत्रमा सहज कर्जा तथा ब्याजदर नीति लागु गरिनु पर्दछ । लघुवित्त पीडित, सहकारी ठगी तथा मिटर ब्याज पीडितलाई न्याय दिइनु पर्दछ ।

वास्तविक कारोवारमा आधारित कर तथा राजस्व प्रणाली स्थापित गरिनु पर्दछ । कर निर्धारणमा हुने सबै प्रकारका तजबिजी अधिकार खारेज गरी वास्तविकता आधारित र वैज्ञानिक बनाइनु पर्दछ ।

कम्पनी दर्ता, नविकरण र खारेजीलाई सहज र लचिलो बनाइनु पर्दछ । नयाँ दर्ता भएको कम्पनीलाई ३ बर्षसम्म सबै प्रकारका कर भारबाट मुक्त गरी उद्यमशीलतालाई प्रवर्धन गरिनु पर्दछ । असफल कम्पनीको सहज लिक्विडेसनको व्यवस्था गरी नागरिकलाई व्यवहारबाट व्यावसायिक अभ्यास र उद्यमशीलता सिक्ने अवसर दिनु पर्दछ ।

२०.समकालिन विश्व शक्ति सन्तुलन र राष्ट्रिय हितअनुरुप 'सार्थक संलग्नताको विदेश नीति' अबलम्बन गरिनु पर्दछ । राजनीतिक आस्था वा पूर्वाग्रहका आधारमा कुनै मित्र राष्ट्र विरुद्ध भ्रामक बयानबाजी गरिनु हुँदैन । एक देश विरुद्ध अर्को देशको 'कार्ड खेलिनु' हुँदैन । 'कसैसंग नझुक्ने, कसैलाई नभुक्ने' नीति लिइनु पर्दछ ।

राष्ट्रिय कुटनीतिक प्रयास लोकतन्त्र, विश्व मानवता, विश्व शान्ति, दीगो मैत्री तथा परस्पर सहयोग, विश्व मञ्चहरुमा सम्मानजनक उपस्थिति र भूमिका, विकास, प्रविधि र प्रगतिको साझेदारीतर्फ लक्षित हुनु पर्दछ । राजदूत नियुक्तिमा हुने दलीयकरण र चाकरी प्रथा अन्त्य गर्दै यस प्रकारको विशेष ज्ञान, सीप र क्षमता भएका व्यवसायिक कुटनीतिज्ञ उत्पादन र नियुुक्ति गरिनु पर्दछ ।

नेपाली कमदार र आप्रबासीको सघनताका आधारमा दुताबासको पुनर्वितरण गरिनु पर्दछ । खाडी क्षेत्रमा तथा नेपाली श्रमिकको सघनता भएका अन्य देशका दुताबासमा प्रशासनिक सेवा र मानवीय उद्धार कार्यको विशेष क्षमता विकास गरिनु पर्दछ ।

विश्व तापमान बृद्धि, जलवायू परिवर्तन अनुकुल, कार्बन उत्सर्जन कटौती, नविकरणीय उर्जा प्रवर्धन, वातावरणीय न्याय र क्षतिपुुरण, दीगो विकास लक्ष्य हासिल, खाद्य सम्प्रुभता, माटोको उर्बराशक्ति र अर्गानिक खेती प्रवद्र्धन, वातावरणमैत्री भौतिक पूर्वाधार विकास, जैविक विविधताको रक्षालगायतका वैश्विक महत्वका वातावरणीय सवालमा बहुपक्षीय सहकार्यलाई तीव्र पारिनु पर्दछ ।

धन्यवाद !

अभियानको २०८० चैत्र १७-१८ गतेको भरतपुर, चितवन संघीय बैठकबाट सुत्रबद्ध ।

राष्ट्रपति र प्रमुख निर्वाचन आयुक्तलाई ज्ञापन-पत्र

हामीलाई लाग्छ- देश आज असाधारण स्थितिको भुमरी वा दूश्चक्र फसेको छ । यो कुनै पूर्वाग्रहप्रेरित मनोगत निष्कर्ष हैन- हाम्रा राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक समस्या र भूराजनीति जटिलताले त्यसको प्रष्ट प्रमाण दिएका छन।

आधुनिक लोकतान्त्रिक आन्दोलनको प्रारम्भिक सफलता २००७ साल यताको करिब साँढे सात दशक, बहुदलीय लोकतन्त्रको अभ्यास गरिएको २०४६ यताको ३५ बर्ष, जनान्दोलन २०६२÷६३ र गणतन्त्रयताको करिब २ दशक र संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान लागू भए यताको १ दशकमा पनि देशले विकासको अपेक्षित गति र संमृद्धिको लय पक्रिन नसकेको यथार्थ सबैलाई गहिरो अनुभुति भएकै हुनु पर्दछ ।

के यो असाधारण गतिरोध हैन ? के यो 'सौभाग्यचक्र' को साटो 'दुर्भाग्यचक्र' क्रियाशिल भएको प्रष्ट प्रमाण हैन ? यसको दोषी वा जिम्मेबार को ? यसको नैतिक उत्तरदायित्व लिनु पर्ने कस्ले हो ?

पूर्वाग्रह र राजनीतिक स्वार्थप्रेरित एकअर्काप्रतिको आरोपप्रत्यारोपले मात्र यसको दोषभागिताबाट कोही उम्किन सक्दैन । यो एक प्रकारले 'सामुहिक असफलता' हो । दोष पन्छाउने र 'पानीमाथिको ओभानो' बन्ने प्रवृतिबाट मुक्त भएर जिम्मेबार ढंगले सोच्ने हो भने सबैले आआफ्नो भागको नैतिक जिम्मेबारी लिनु पर्दछ ।

यो पनि उत्तिकै ठूलो सत्य हो कि यो स्थितिका लागि यस अबधिका शासक वर्ग, शक्ति केन्द्र, सरकार, दल  र नेता मुख्य जिम्मेबार हुन÷छन ।

अन्तर्राष्ट्रिय मञ्चमा देशको छवि एक विपन्न, भ्रष्ट, कुशासित, दशकौंदेखि सुस्त आर्थिक बृद्धि दर भएको, सबैको सहयोग र सद््भावका बाबजुद अपेक्षित प्रगति गर्न नसक्ने, गरिबीको दुश्चक्र र अल्पविकसित हुनुको दूर्भाग्यचक्रमा फसेको राज्यको रुपमा कायम रहनु दुखद हो । यो नियति अब स्वीकार्य हुन सक्दैन ।

नेपाललाई संसारले 'एशियाको दोस्रो गरिब मुलुक' भनिरहेको छ । देशको प्रतिव्यक्ति आय विश्व औसत करिब १४ हजार डलरको १० गुणा कम करिब १४ सय डलर छ । के यो साधारण, सहज र स्वीकार्य कुरा हो ? नागरिकलाई सधै गरिब, निरिह, कमजोर, बेरोजगार, परनिर्भर बनाएर राज्यको

औचित्य पुष्टि हुन सक्छ ? एक्काइशौं शताब्दिको आधुनिक लोकतान्त्रिक राष्ट्रिय-राज्य यस्तै हुनु पर्ने हो ?

हाम्रो राजनीति प्रणाली सार्वभौम नागरिकको सर्वोच्चतामा आधारित लोकतन्त्र हो । तर, लोकतन्त्रले नागरिकतन्त्रको साटो दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र, परिवारतन्त्र, अल्पतन्त्र, भ्रष्टतन्त्र, लुटतन्त्र, विचौलियातन्त्र र सिन्डिकेटतन्त्रमा विचलन गरेको आम धारणा र गुनासो व्यप्त छ । लोकतन्त्रको गुणस्तर शर्मनाक ढंगले क्षयीकृत भएको छ । के यसलाई सामान्य मान्न र निश्चिन्त बस्न सकिन्छ ?

विज्ञान र प्रविधिको युगमा संसारका धेरै देशले गुणात्मक फड्को मारेका छन । तर, हाम्रो लोकतन्त्र किन नागरिकका मौलिक अधिकार र आवश्यकता समेत 'डेलिभरि' गर्न नसक्ने अवस्थामा छ ? शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सडक, सार्वजनिक यातायातजस्ता आधारभूत सेवासुविधाको गुुणस्तर एकदमै कमजोर छन ।

निर्माणाधिन सडक निर्धारित समयभन्दा दोब्बर अबधिमा पनि बन्न नसक्दा निर्माण लागत र यात्रा जोखिम मात्रै हैन, अर्थतन्त्रकै लागतस्तर बढेको छ । नागरिक जीवन असाध्यै कष्टकर भएको छ । बिद्युत र संचारजस्ता केही अपवादबाहेक अरु कुनै पनि सेवा प्रदायन स्थिति सन्तोषजनक छैन । के यो सत्य हैन ?

प्रशासनयन्त्र राज्यको आर्थिक क्षमताभन्दा धेरै ठूलो, परम्परागत लालफित्ताशाही-नोकरशाहीतन्त्रआधारित, भ्रष्ट, न्यून कार्यसम्पादन क्षमतास्तरको र 'भोलीवादी' छ । कुशासन राज्यको आम चरित्र भएको छ । राजनीतिक नेतृत्वले जस्तै प्रशासनिक नेतृत्वले पनि सुशासन र प्रभावकारी सेवाप्रदायनमा योगदान गर्न सकिरहेको छैन । ट्रान्सपरेन्सी अन्तर्राष्ट्रियको श्रेणीकरणमा देश आजसम्म पनि ३५ भन्दा कम अंक प्राप्त गर्ने अतिभ्रष्ट मुलुकको सूचीमा दरिनु दूर्भाग्यपूर्ण हैन ?

दशक यता दुई दर्जन बढी ठूला भ्रष्टाचार, आर्थिक अनियमिमता, ठगी र अबैध धनार्जनका काण्ड चर्चामा छन । तर, कुनैको पनि निष्पक्ष, तटस्थ, स्वतन्त्र, सन्तोषजनक छानविन र कार्वाही भएको छैन । दलीय आधारमा ठगी र भ्रष्टाचारलाई उन्मुक्ति दिने वा प्रतिशोधपूर्ण कार्वाही गर्ने प्रवृतिले राज्यको विश्वासनीयता नै समाप्त भएको छ । दंडाधिकारी तथा संवैधानिक निकाय र न्यायिक क्षेत्रलाई समेत नागरिकले विश्वास गर्न छोडेका छन ।

अर्थतन्त्रको औसत बृद्धि दर दशकौंदेखि ४ प्रतिशतभन्दा कम छ । निरपेक्ष र बहुआयामिक दुबै प्रकारको गरिब जनसंख्या अनुपात पुनश्च बढ्न थालेको छ । धनी-गरिब बीचको खाडल, स्रोत साधनको असमान र अन्यायपूर्ण वितरण कायमै छ । देशभित्र मर्यादित तथा लाभदायक रोजगार तथा स्वरोजगार अवसरको अभावले युवा जनशक्तिको ठूलो हिस्सा वैदेशिक रोजगारममा छ  वा देश नै छोडेर पलायन भइरहेको छ ।

देशभित्र लगानीमैत्री र उद्यमशीलतामुखी व्यावसायिक वातावरण बन्न सकेको छैन । बैंकहरुमा अस्वभाविक तरलता चुलिएको छ । बजारमा नगद प्रवाह चक्र अवरुद्ध भई माग संकुचन भएको छ । के यसो भन्नु कुनै अतिरञ्जना हो ?

वास्तविक बार्षिक बजेटको करिब ८० प्रतिशत चालु खर्च हुने, सार्वजनिक ऋणभार अस्वभाविक रुपमा चुलिएर जीडीपीको करिब ४५ प्रतिशत र २० प्रतिशत वित्तिय खर्चभार पुग्ने, पुँजीगत खर्च तथा सामाजिक सुरक्षा, सामाजिक न्याय र मानवीय विकासका लागि पैसा नै बाँकी नरहेन स्थिति बीच देशले कसरी उन्नति गर्न सक्दछ ?

ठीक यही अबधिमा सहकारी ठगी, मिटरब्याज तथा लघुवित्त उत्पीडिन, बैकिङ स्वच्छता र वित्तिय पहुँचमा समानताको अभाव भयावह रुपमा अनावृत्त भएको छ । यी कुनै पनि क्षेत्रका पीडितले न्याय पाएका छैनन् । सहकारी क्षेत्रमा मात्रै ३० लाख बढी बचतकर्ता प्रभावित हुने गरी २ खर्ब ५० अर्ब हिनामिना, अपलचन वा ठगीको तथ्यांक कहालीलाग्दो हो । स्थिति यति भयावह हुञ्जेल नियमक निकाय के हेरेर बसेका थिए ? यसको उत्तर राज्य संचालकले दिनु पर्दैन ?

संविधानले संघवाद, समावेशिता र सामाजिक न्यायको सिद्धान्त स्वीकार गरिसक्दा पनि न पहिचान र अधिकारका आन्दोलनको यथोचित संबोधन भएको छ, न शक्तिको पर्याप्त निक्षेपण भएको छ । संघीयतापछि पनि जिल्ला संरचना कायम राखेर केन्द्रबाट शासन गरिँदैछ । संघीयतालाई सहजीकरण गर्नु पर्ने सिंहदरबारमा एकात्मकता र केन्द्रिकृत मानसिकताको भूत जिवितै देखिन्छ । के यो कुनै आरोप हो ?

सामाजिक विभेदका घटना दैनिकजसो समाचारमा सुनिन्छन । सीमान्तकृत तथा अल्पसंख्यक समुदायका जातीय, भाषिक, सांस्कृतिक, धार्मिक अधिकार कुन्ठित भइरहेका छन । दलित समुदायमाथिको परम्परागत संरचनात्मक अत्याचारमा कुनै कमी आएको छैन । राज्यमा तिनको यथोचित सहभागिता र प्रतिनिधित्व हुन सकेको छैन ।

राज्य संचालकहरुले बद्लिएको विश्व परिवेश र शक्ति समीकरणअनुरुप भूराजनीति सन्तुुलन मिलाउन सकेको देखिन्न । फलतः देशले भूमण्डलीकरण, पुँजी प्रवाह र आधुनिक विश्व प्रविधिबाट अपेक्षित लाभ लिन सकेको छैन । देशको कुटनीतिक क्षमतामा निरासाजनक ह्रास आएको छ । राजदूत नियुक्ति समेत दलीय भागबन्डाका आधारमा गरिनु कति उचित हो ?

लोकतान्त्रिक मुलुकमा यी र यस्ता यावत समस्या निर्वाचित संसदबाट बैधानिक बिधिले नै पहिचान, संश्लेषण र संबोधित हुनु पर्ने हो । तर, त्यसो हुन सकिरहेको छैन । जिम्मेबार दल र शीर्ष नेतृत्व वर्गले सत्ता, सत्ता र सत्ताबाहेक, सरकार बनाउने, टिकाउने र ढाल्ने म्यूजिकल चेयरको खेलबाहेक अरु केही नदेख्दा आम निरासा व्यापक भएको छ । पात्र र प्रणाली बद्लिए पनि नेतृत्वको संस्कार, संस्कृति र राज्यको चरित्रमा आधारभूत परिवर्तन नहुँदा राष्ट्र-निर्माणको वास्तविक प्रक्रिया नै प्रारम्भ हुन सकेन ।

हामीलाई लाग्छ- असाधारणा र ठूला समस्याको समाधान पनि असाधारण नै हुन्छ । देशलाई अहिले  असाधारण, ऐतिहासिक वा 'गेमचेञ्जर' प्रकृतिका ठूला सुधार चाहिएको छ । देशलाई राजनीति, आर्थिक, प्रशासनिक, सामाजिक र वैदेशिक नीतिमा गरी ५ ठूला सुधार चाहिएको छ । यो नै असाधारण समस्याको असाधारण समाधान हो । यस्ता ठूला सुधारका लागि राष्ट्रिय सहमतिमा संविधान नै संशोधन गर्नु परे पनि कोही पछि हट्नु हुँदैन।

तत्काल भने यस्ता ठूला सुधार मुख्य  दुई वटा सवालमा केन्द्रित गर्नु उचित हुन्छ ।

एक- कुशासन, भ्रष्टाचार, ठगी र आर्थिक अनियमितताको अन्त्य ।

दुई- अतिदलीयकरणको अन्त्य जसलाई आम रुपमा दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र, अल्पतन्त्र, विचौलियातन्त्र, सिन्डिकेटतन्त्र भनिदैछ ।

राज्यको नियमित प्रक्रिया, संवैधानिक अंग, संसदीय वा न्यायिक प्रयासबाट कुशासन र भ्रष्टाचारको अन्त्य हुने कुनै गुन्जाइस बाँकी छैन । त्यसै गरी, अतिदलीयकरणको अन्त्यका लागि राजनीतिक दल  तथा निर्वाचन सम्बन्धि ऐन र अभ्यासमा  उल्लेखनीय कानुनी सुधार अपरिहार्य भइसकेको छ ।

तसर्थ, नागरिक प्रथम अभियान निम्न दुई माग-दाबी प्रस्तुत गर्दछ ।

एक-सबै ठूला भ्रष्टाचारका काण्ड, ठगी, वित्तिय अनुशासनहीनता र अबैध धर्नाजनको सम्पति छानविन गर्न राज्यका सबै पदमा रहेका वर्तमान तथा पूर्वपदाधिकारी, संदिग्ध तथा विवादास्पद व्यक्तिसमेत क्षेत्राधिकार भएको, संसदीय अनुमोदन र न्यायिक अभियोजन गर्न बिशेष अधिकारप्राप्त, राष्ट्रिय जीवनमा नैतिक र निस्कलंक जीवन बिताएका व्यक्तित्वबाट 'नागरिक आयोग' गठन गरियोस् ।

दीर्घकालिन समाधानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नागरिक लोकपाल ( पब्लिक अम्बुड्सम्यान ) को अवधारणाअनुरुप पुनर्गठन गरियोस् । सोही अनुरुप क्षेत्राधिकार विस्तार, अख्तियार सेवा आयोग गठन, आयुक्तहरुको नियुक्ति आदि गरियोस् ।

दुई- राजनीतिक दल सम्बन्धि ऐन, निर्वाचन ऐन र निर्वाचन कसुर दंड सजाय सम्बन्धि ऐनमा निम्न प्रावधान र व्यवस्थासहितको संशोधन गरियोस् ।

१. राजनीतिक दल सार्वजनिक अस्तित्व ( पब्लिक इन्टटी ) हुने अवधारणामा आधारित खुल्ला, पारदर्शी र नागरिकमैत्री दलीय सदस्यताको प्राबधान लागू गरियोस् ।

२. राजकीय पदको उम्मेद्वारीमा दलीय मनोनयनपत्रका लागि प्रारम्भिक निर्वाचन ( प्राइमरी ) अनिवार्य गरियोस् ।

३.राजनीतिक दललाई राज्यकोषबाट आर्थिक सहयोग ( स्टेट फन्डिङ ) गरियोस र सबै प्रकारका अपारदर्शी आय र चन्दा संकलन बन्देज गरियोस् ।

४.राजनीतिक दलका कोषको महालेखा परिक्षक र रजिष्टर्ट चाटर्ड एकाउन्टेन्टबाट दोहोरो लेखा परिक्षण हुने र पार्टी कोषको हिनामिना राज्यकोषको सहर भ्रष्टाचार र दंडनीय मानिने व्यवस्था गरियोस् ।

५. सबै राजनीतिक दलहरुको विधानको एउटै ढाँचा बनाइयोस् ।

६. सबै तहका निर्वाचनमा उम्मेद्वारहरुले निर्धारित निर्वाचन खर्च भन्दा बढी खर्च गरे नगरेको अनुगमन गर्ने निर्वाचन आयोगमा एक बिशेष सेल स्थापना गरियोस् र त्यसको अनुगमन प्रतिवेदनको आधारमा उम्मेद्वारी खारेजी समेत हुन सक्ने कानुनी व्यवस्था गरियोस् ।

७. स्थानीय निर्वाचन गैरदलीय र फरकफरक मतपत्रको आधारमा हुने बनाइयोस् ।

८.कुनै एक दलको सदस्य अर्को दलको चुनावचिन्हबाट उम्मेद्वार हुन नसक्ने कानुनी व्यवस्था गरियोस् ।

९. कथित दल वर्गिकरण र वर्गिकरणका आधार राजकीय सुविधाको व्यवस्था खारेज गरियोस् । समान दलीय सार्वभौमसत्ताको मान्यता लागू गरियोस् ।

१०. अध्यादेशबाट बद्नियतपूर्ण शासन गर्ने प्रचलनको अन्त्य गर्न अध्यादेश जारी हुन सक्ने अवस्था र सीमाको परिभाषा गरियोस् । दल विभाजन अध्यादेशबाट हुन नसक्ने व्यवस्था गरियोस् ।

११.पार्टी सदस्यबीचको प्रत्यक्ष निर्वाचनबाट नेतृत्व निर्वाचित हुने प्रणाली सबै दलमा अनिवार्य गरियोस् ।

१२. दलका महाधिवेशन, केन्द्रिय समिति वा अन्य कुनै समितिका संस्थागत अधिकार नेतृत्वमा वा कुनै व्यक्तिमा प्रत्यायोजन हुन नसक्ने, विधानतः अधिकार प्राप्त निकायले संस्थागत निर्णय नै गरेको हुनु पर्ने नियम लागू गरियोस् ।

१३. दलीय संरचनामा अनुपातिक समावेशिता सुनिश्चित गरियोस् ।

१४.समानुपातिक थ्रेसहोल्डको प्राबधान खारेज गरियोस्, थ्रेसहोल्ड बृद्धिको प्रयास नगरियोस् ।

१५. निजामती कर्मचारी, शिक्षक, प्राध्यापक, निगम कर्मचाारीलगायत सरकारी वेतनधारी क्षेत्रमा दलीय ट्रेड युनियनको खारेज गरि एकल ट्रेड युनियन कायम गरियोस् ।

१६.दलका सबै तहका मूल नेतृत्वमा ‘एक व्यक्ति, दुई कार्यकाल’ अनिवार्य गरिओस् ।

१७. मतपत्रमा नोट भोटको अधिकार र जनादेश विपरित कार्य गर्ने प्रतिनिधिलाई नागरिक पहलकदमीबाट प्रत्याव्हान गर्न सकिने कानुनी व्यवस्था गरियोस् ।

१८. विदेशमा बस्ने र अपायक मतदाताको लागि डिजिटल भोटिङ र अर्ली भोटिङको व्यवस्था गरियोस् ।

महोदय,

अब यी नागरिक प्रथम वा कुनै अमूक राजनीतिक समूह, अभियान वा दलका धारणा  वा माग-दाबीमा सीमित बिषय हैन, राष्ट्रका साझा र यथाशिघ्र संबोधन हुनु पर्ने अपरिहार्य आवश्यकता भइसके । राष्ट्रिय सहमतिबाट संबैधानिक तथा कानुनी प्रक्रियाभित्रै शान्तिपूर्ण तबरले यी नागरिक दाबी पूरा हुन ।

अन्यथा देश अब राष्ट्रिय जागरण, नागरिक पहलकदमी र भीषण जनान्दोलनको दिशातर्फ अग्रसर हुनु बाध्य हुने छ । यी माग पूरा गर्न ढिलो गर्नु 'तेस्रो जनान्दोलन' को आव्हान गर्नु सरह हो । त्यस्तो जनान्दोलनले अहिलेका शक्ति केन्द्र, दल र नेतृत्वका लागि असहज स्थिति सृजना नगर्ला भन्न सकिन्न ।

राष्ट्रिय समस्या संबोधनका लागि अब जसकसैले जुनकुनै प्रकारको जोखिम लिनु पर्ने भएको छ । यसका लागि 'नागरिक प्रथम आन्दोलन' तयार छ । यसबाट उत्पन्न हुन सक्ने सबै परिस्थितिको मुख्य जिम्मेबार सरकार र संसदमा भएका दल, शीर्ष नेतृत्व वर्ग, राज्यका अंग र निकाय नै हुनेछन ।

राज्य, दल र नेतृत्व नागरिकभन्दा माथि कहिल्यै र कदापी हुन सक्दैनन् । कित जिम्मेबार दल र नेतृत्वमा दुरदृष्टि आवश्यक हुन्छ, आफ्नै अध्ययन, विवेकसम्मत सोच र पहलकदमीबाट यी प्राबधान कार्यान्वयन हुन कित नागरिक पहलकदमी र जनान्दोलनले छिनोफानो गर्ने छ । भ्रष्ट, विकृत र विसंगत हुँदै गएको राज्ययन्त्रको शुद्धिकरण गर्ने अन्तिम औजार जनान्दोलन नै हो । नागरिक सक्रियता, आन्दोलन र पहलकदमीले समाधान दिन नसक्ने कुनै समस्या हुँदैन ।

धन्यवाद ।

मितिः ०८१-१२-१४ मा राष्ट्रपति र ०८१-१२-१४ मा निर्वाचन आयोगलगायत विभिन्न निकायमा बुझाईएको ।